# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०३।०९ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

कन्चनपुर भन्सार कार्यालयका तत्कालीन नायव सुब्बा रामप्रसाद भट्टराईले अर्थ मन्त्रालय अन्तर्गत विभिन्न कार्यालयमा कार्यरत रँहदा अनियमित तरिकाले सम्पत्ति आर्जन गरेको भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज रामप्रसाद भट्टराईले सार्वजनिक सेवामा प्रवेश गरेदेखि अनुसन्धान अवधिभरमा निजको आयआर्जन र खर्च तथा लगानीको विश्लेषण गर्दा निजले पारिश्रमिक बचत, पुरस्कार, प्रोत्साहन भत्ता तथा कमिसन आय, कृषि आय, घर बहाल, जग्गा ,शेयर बिक्री, भत्ता, कर्जा समेत गरी जम्मा रू.१,१४,९१,१५१।—(एक करोड चौध लाख एकानब्बे हजार एक सय एकाउन्न) आय आर्जन गरेको देखियो भने खर्च तथा लगानी (व्यय) तर्फ हेर्दा जग्गा खरिद, घर निर्माण, शेयर खरिद ,कर्जा भुक्तानी, कर भुक्तानी, अध्ययन खर्च तथा विभिन्न बैङ्कमा रहेको मौज्दात लगायतमा समेत गरी जम्मा रू.३,१४,९९,६९१।८२(तीन करोड चौध लाख उनान्सय हजार छ सय एकानब्बे रूपैयाँ बयासी पैसा) खर्च तथा लगानी गरेको देखिँदा उक्त खर्च तथा लगानीमा निजको कुल आय आर्जन रू.१,१४,९१,१५१।—(एक करोड चौध लाख एकानब्बे हजार एक सय एकाउन्न) घटाउँदा आउने रू.२,००,०८,५४०।८२(दुई करोड आठ हजार पाँच सय चालीस रूपैया बयासी पैसा) बराबरको खर्च तथा लगानीको श्रोत नखुलेको पाइएबाट निज रामप्रसाद भट्टराईले राष्ट्रसेवकको रूपमा सार्वजनिक पदमा बहाल रहँदा स्रोत नखुलेको गैरकानूनी सम्पत्ति आर्जन गरेको स-प्रमाण पुष्टि हुन आएकोले निजको उक्त कसुर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर अपराधमा निज रामप्रसाद भट्टराईलाई बिगो रू.२,००,०८,५४०।८२(दुई करोड आठ हजार पाँच सय चालीस रूपैयाँ बयासी पैसा) कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६ (ग) तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम जरिवाना र कैद सजाय हुन र भ्रष्टाचार गरी गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्तिहरू साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १६(ग) तथा दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ४७ र अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (ख ) बमोजिम जफत हुन साथै अपुग बिगोको हकमा निजको नाममा हाल कायम रहेको चलअचल सम्पत्तिबाट असुल उपर हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता